स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विपिन कार्की र केकी अधिकारीको शीर्ष भूमिका रहेको फिल्म "काजी" को ट्रेलर सार्वजनिक गरिएको छ। पति-पत्नीको आदर्श प्रेममा आउने उतारचढाव र संकटको कथा यसमा समावेश छ। ट्रेलरले फिल्मबारे संक्षिप्त प्रकाश पार्छ। फिल्ममा विपिनले शीर्ष पुरुष पात्र काजी र केकीले शीर्ष महिला पात्र काजिनीको भूमिका निर्वाह गरेका छन्। ट्रेलरअनुसार, एक दम्पतीबीच अथाह र आदर्शनवान प्रेम हुन्छ।

**आजको विचार...**



कसरी...
*(दुई पेजमा)*

डा. रूप खड्का



अभिनेता जितु नेपालले निर्माण गरेको फिल्म "आइएम जितबहादुर" को पहिलो गीत सार्वजनिक गरिएको छ। सार्वजनिक गीतमा चर्चित बलिउड गायक कैलाश खेरको स्वर छ। यसअघि पनि खेरले केही नेपाली फिल्मका गीतमा आवाज दिएका छन्। सार्वजनिक गीतमा राजसिंह सिधु र जितु नेपालको शब्द रचना र संगीत बव एसएनको छ। कर्मभूमि क्रिएसनको ब्यानरमा निर्माण भएको यस फिल्मका कार्यकारी निर्माता निश्चल कुँवर र निरज नेपाल छन्।

❒ वर्ष ३१ ❒ अंक २८५ ❒ २०८३ बैशाख ३१ गते बिहीबार 14 May 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## प्रतिनिधि सभा बैठक

# विपक्षीको अडान कायमै, प्रधानमन्त्रीको राजीनामा माग्दै बैठक स्थगित

**हाम्रा संवाददाता**

**पाल्पा,** वैशाख ३०/प्रतिनिधिसभाको बुधबारको वैठक स्थगित भएको छ । विपक्षी दलहरुले सरकारको नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जवाफ प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले दिनुपर्ने अडान कायमै राखेपछि सभामुख डोलप्रसाद (डीपी) अर्यालले विहीबार फेरि बस्ने गरी बैठक स्थगित गरेका हुन् ।

प्रधानमन्त्री बालेन्द्र शाहको राजीनामाको माग गर्दै विपक्ष दलहरूले प्रतिनिधि सभा बैठक पटक टिक अवरुद्ध गरेका थिए । बैठकमा 'सरकारको नीति तथा कार्यक्रममाथिको छलफल सुरू गरियोस्' भन्ने प्रस्ताव प्रधानमन्त्री शाहको तर्फबाट अर्थमन्त्री स्वर्णिम वाग्लेलाई प्रस्तुत गर्ने अनुमति दिएपछि त्यसको विरोध गर्दै विपक्ष दलका सांसदहरूले बैठक अवरुद्ध गरेका हुन् ।



विपक्षी दलको अवरोधपछि सभामुख डीपी अर्यालले बिहीबार विहान ११ बजे बस्ने गरी बैठक स्थगित गरेका हुन् । बैठकमा प्रधानमन्त्री बालेन्द्र शाहसँग सांसदहरूको प्रश्नोत्तर हुने सभामुखले जानकारी दिएका छन् । सरकारको नीति तथा कार्यक्रममाथि भइरहेको छलफलमा प्रधानमन्त्री शाहको उपस्थिति हुनुपर्ने मागसहित विपक्षीले तीन पटकसम्म बसेको बैठक अवरुद्ध गरेका थिए । बिपक्षीको अवरोधपछि सभामुख अर्यालले कार्यसूचीमा रहेका सम्पूर्ण कार्यसूची हटाइएको जानकारी दिएका थिए । उनले सरकारको नीति तथा कार्यक्रममाथिको संशोधन प्रस्तुत गर्न, छलफलमा भाग लिन र जवाफ दिनका लागि बैंशाख ३१ गतेको दिन तोक्दै बैठक स्थगित भएको घोषणा गरेका हुन् ।बैंठकमा प्रधानमन्त्री उपस्थित नभएपछि प्रतिपक्ष दलहरुले चर्को विरोध गरेका छन् । सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गरिहेको समयमा प्रधानमन्त्री शाह बैठकबाट बाहिरिएको विषयमा समेत तीव्र आलोचना भइरहेको छ । प्रतिपक्ष दलले लोकतान्त्रिक संसदीय अभ्यास,संवैधानिक संस्कार र संसदीय परम्पराविपरीत भएको टिप्पणी गरेका छन् । राष्ट्रपति पौडेलले सोमबार सदनमा आर्थिक वर्ष २०८३/८४ को सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका बेला प्रधानमन्त्री संसद्बाट बाहिरिएका थिए ।

प्रतिपक्ष दलका सांसदहरुले जनताले सरकारमाथि धेरै प्रश्न गरिरहेको भन्दै प्रधानमन्त्री भने जनताको प्रश्नबाट भाग्न खोजेको बताएका छन् । उनीहरुले संसदमा उभिएर प्रश्नको उत्तर नदिनु भनेको जनताको उत्तर नदिनु भएको उल्लेख गरेका छन् । जनताका प्रश्नहरूको उत्तर दिन नसक्नु भनेको अयोग्यता र असक्षमताको नमुना भएको समेत उनीहरुको आरोप छ । उनीहरुले जनता सरकारले असुरक्षित महसुस गरिरहेको बताएका छन् । जनताको सुरक्षा गर्न नसक्ने र सीमा रक्षा गर्न नसक्ने सरकारलाई सफल सरकार भन्न नसकिने उनीहरुको भनाइ छ ।

## सक्षिप्त समाचार

### भारतमा भारी वर्षाका कारण ६ को मृत्यु

(रासस/सिन्हवा)


**नयाँदिल्ली,** वैशाख ३०/भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रमा भारी वर्षा र तीव्र हावाको कारण आश्रय लिएको संरचना अचानक ढले पछि तीन बालबालिका सहित कम्तीमा छ जनाको मृत्यु हुनुका साथै एक दर्जन भन्दा बढी घाइते भएको स्थानीय प्रहरीले बुधबार पुष्टि गरेको छ । मंगलबार साँझ महाराष्ट्रको साङ्ली जिल्लामा यो घटना भएको प्रहरीले बताएको छ । स्थानीय धार्मिक पर्वको अवसरमा मन्दिर भ्रमण तथा तिर्थ यात्रामा रहेका करिब ३५० जना भक्तहरू प्रकोपका कारण पीडित भएको जनाइएको छ । तेज हावासहित भएको भारी वर्षा सुरु भए पछि उनीहरू ज्यान बचाउन निर्माणाधीन संरचना भित्र शरण लिएको जनाइएको छ । तीव्र हावाको काराण उक्त संरचनाको टिनको छाना र पर्खाल तिनीहरूमाथि खस्दा दुर्घटा हुनु पुगेको जनाइएको छ । उद्धार टोलीले छ जनाको शवको बरामद गरेको र घाइतेहरूलाई उद्धार गरी स्थानीय अस्पतालमा लगिएको स्थानीय प्रहरीले जनाएको छ । प्रहरीका अनुसार उद्धार कार्य सम्पन्न भई सकेको छ ।

## श्रीमानको कुटपिटबाट श्रीमतीको मृत्यु



**तम्घास,** वैशाख (रासस) ३०/ गुल्मीमा श्रीमानको कुटपिटबाट श्रीमतीको मृत्यु भएको छ । जिल्लाको इस्मा गाउँपालिका वडा नम्बर ६ साहुघर निवासी ४५ वर्षीय थम्मनबहादुर कुमालले कुटपिट गर्दा उनकी श्रीमती सुमित्रा कुमालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । मंगलबार साँझ कुटपिटपछि राति नै सुमित्रालाई उपचारको लागि गुल्मी अस्पताल ल्याइएको थियो । तर अस्पतालले राति १२ बजे मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी गंगा सारुले जानकारी दिए । मृतक सुमित्राको मुखमा र घाँटीमा चोट लागेको थियो भने छातीका सातवटा करङ भाँचिएको अस्पतालको प्रतिवेदनमा उल्लेख छ । मादक पदार्थ सेवनबाट उक्त घटना घटेको प्रहरीले जनाएको छ । अहिले थम्मनलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान सुरु गरेको छ ।*-रासस*

## रुपन्देही पर्यटकीय 'हब' बन्दै, होटल क्षेत्रमा उच्च लगानी



**सिद्धार्थनगर** (भैरहवा), वैशाख ३०/ होटल तथा पर्यटन पूर्वाधारमा बढ्दो लगानीसँगै रुपन्देही पर्यटकीय केन्द्रका रूपमा विकास हुँदै गएको छ । लुम्बिनी भ्रमणमा आउने विदेशी तथा स्वदेशी पर्यटकको प्रमुख बसाइस्थलका रूपमा रुपन्देही स्थापित बन्दै जाँदा स्तरीय होटल थपिने क्रम निरन्तर बढेको हो ।

भैरहवा-लुम्बिनी करिडोर तथा जिल्लाका मुख्य सहर क्षेत्रमा पाँचतारे, चारतारे र तीनतारे होटल सञ्चालनमा आएका छन् भने नयाँ होटल निर्माणसमेत जारी छ । लुम्बिनी आउने पर्यटकका साथै काठमाडौँ, पोखरा, चितवन र बर्दिया जाने पर्यटक पनि भैरहवा हुँदै आवतजावत गर्दा जिल्लामा बसोबास गर्ने क्रम बढेको व्यवसायी बताउँछन् । सिद्धार्थ होटल सैका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले रुपन्देहीमा पाँचतारे होटलको संख्या उल्लेख्य रहेको बताए । उनले जिल्लामा सञ्चालनमा रहेका ठूला होटलसँगै थप नयाँ परियोजना निर्माणाधीन अवस्थामा रहेको जानकारी दिए । हाल जिल्लामा हायात प्यालेस, टाइगर प्यालेस बाइ सोल्टी, भिलासा र लुम्बिनी हेरिटेज सञ्चालनमा छन् । भैरहवा-लुम्बिनी सडकखण्डमा नयाँ पाँचतारे होटल निर्माण भइरहेको छ भने भैरहवाको बुद्धचोकमा अर्को पाँचतारे होटल अन्तिम चरणमा पुगेको बताइएको छ । होटल तथा रेस्टुरेन्ट व्यवसायी संघ रुपन्देहीका अध्यक्ष राजेश महोत्राले भारतीय पर्यटकलाई लक्षित गरेर होटल क्षेत्रमा ठूलो लगानी भइरहेको बताए । उनले सीमावर्ती भारतबाट आउने पर्यटकको संख्या उच्च रहेकाले रुपन्देहीलाई विश्राम तथा गन्तव्यस्थलका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । पर्यटन व्यवसायी किशोर जोशीले जिल्लामा पर्यटकको बसाइ अवधि बढाउन थप आकर्षक गतिविधि, सांस्कृतिक कार्यक्रम र पर्यटन प्याकेज आवश्यक रहेको बताए । उनका अनुसार लुम्बिनी भ्रमणपछि धेरै पर्यटक सोही दिन फर्किने भएकाले बसाइ लम्ब्याउन सकिए आर्थिक गतिविधि अझै बढ्नेछ । होटल तथा रेस्टुरेन्ट व्यवसायी संगठनका पूर्वअध्यक्ष अनिल ज्ञवालीले अन्तरराष्ट्रिय होटल व्यवस्थापन समूह रुपन्देहीमा प्रवेश गर्न थालेपछि जिल्लाको पर्यटन छवि थप बलियो बनेको बताए । उनले हायात, मेरियट, होलिडे इन र क्राउन प्लाजाजस्ता अन्तरराष्ट्रिय ब्रान्डको चासोले लगानीकर्तामा उत्साह थपिएको उल्लेख गरे । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि विमानस्थल केन्द्रित होटलमा लगानी बढेको छ । भैरहवा र बुटवल क्षेत्रमा तारेहोटल, रिसोर्ट तथा क्यासिनोसमेत सञ्चालनमा आएसँगै रुपन्देही प्रदेशकै प्रमुख पर्यटन तथा आतिथ्य केन्द्रका रूपमा उदाउँदै गएको सरोकारवालाको भनाइ छ ।**-रासस**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## एसइई नतिजाले दिएको सन्देश

२०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा २९ दिनमा सार्वजनिक भएको छ । सोमबार राष्ट्रिय परीक्षा बोर्डले नतिजा सार्वजनिक गरेका हो । सार्वजनिक नतिजा अनुसार ६५ दशमलव ९८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । यसपटक अघिल्लो वर्षभन्दा ४ दशमलव १७ प्रतिशतले नतिजामा सुधार आएको हो । गत वर्ष एसईईमा ६१ दशमलव ८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । यसवर्ष परीक्षामा सबैभन्दा बढी जीपीए (३.६० देखि ४.००) ल्याउने विद्यार्थीको संख्या ४८ हजार ३ सय ९२ छ । ४ लाख ३० हजार ६६७ विद्यार्थीमध्ये सबैभन्दा बढी ३.६० देखि ४.०० जीपीए ल्याउनेको छ । जीपीए ३.२० देखि ३.६० सम्म ल्याउने विद्यार्थीको संख्या ८० हजार ३७२ रहेको छ । २.८० देखि ३.२० सम्मको जीपीए ल्याउने विद्यार्थीको संख्या ९४ हजार २२२ रहेको छ । ५५ हजार ९७७ विद्यार्थीले यस वर्ष २.४० देखि २.८० जीपीए ल्याएका छन् । जीपीए २.०० देखि २.४० सम्म ल्याउने विद्यार्थीको संख्या ५ हजार १९० रहेका छन् । १.६० देखि २.०० जीपीए ल्याउने विद्यार्थीको संख्या ७ जना रहेको बोर्डले जनाएको छ । यसले के प्रष्ट हुन्छ भने गत वर्षको तुलनामा यस वर्षको नतिजामा उल्लेख्य सुधार देखिएको छ । यस पटकको नतिजाले विद्यालय शिक्षासँग सरोकार राख्ने धेरैलाई उत्साह जगाइदिएको छ । नतिजामा देखिएको उत्साहजनक सफलताले विद्यार्थी, शिक्षक, अभिभावकलाई हर्षित र गौरवान्वित तुल्याएको छ । यो सफलताले शिक्षा क्षेत्रमा गरिएको लगानी, मेहनत र समर्पणले सार्थकता पाउन थालेकोतर्फ सङ्केत गरेको छ । यो सफलतालाई कुनै एक पक्षको मात्र नभई सबैको सामूहिक प्रयासको प्रतिफलका रूपमा बुझ्नु पर्छ ।

गत वर्षको नतिजामा आधाभन्दा बढी परीक्षार्थी अनुत्तीर्ण भएपछि सरोकारवाला सबैको ध्यान यस पटकको नतिजा सुधार गर्नुपर्छ भन्नेतर्फ केन्द्रित भएको थियो । उक्त घटनाबाट पाठ सिकेर शिक्षण सिकाइ क्रियाकलापमा व्यापक सुधार गरिएको थियो । तर एसइईमा उच्च अङ्का साथ परीक्षार्थी उत्तीर्ण भए भन्दैमा चित्त बुझाएर बस्ने अवस्था भने छैन । किनभने अहिले पनि कक्षा १२ उत्तीर्ण हुनेबित्तिकै स्वदेशमा सम्भावना नदेखेर बिदेसिने विद्यार्थी संख्यामा हरेक वर्ष वृद्धि भइरहेको छ । यो अत्यन्त दुखद् हो । विद्यार्थीलाई उच्च अङ्का साथ उत्तीर्ण गराएर मात्र हुँदैन उनीहरुलाई स्वदेशमै बसेर सिपमूलक र व्यवहारिक शिक्षा प्रदान गर्न सक्नुपर्छ । समग्र शिक्षा क्षेत्रकै सुधार गरी सबल, जिम्मेवार नागरिक उत्पादनमा शिक्षा केन्द्रित गरिनुपर्छ । शिक्षामा हुने सुधारले मात्रै समग्र देशको सुधार सम्भव हुन्छ ।

### Opinion @ Social Network

गल्ती नै गर्नु पर्छ भन्ने छैन, जब मन भरिन्छ नि,
मान्छेहरु त्यसै टाढिन सुरु गर्छन् ।
*(सरु शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Saru.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कसरी गर्ने नेपालमा मूल्य अभिवृद्धि कर सुधार ?



## डा. रूप खड्का

*नेपालको अर्थ मन्त्रालय तथा आन्तरिक राजस्व विभागका पदाधिकारीहरूले पनि यस उद्देश्यका लागि न्युजिल्यान्ड भ्रमण गरेका थिए । युजिल्यान्डको दृष्टिकोण पछ्याउने प्रयास गरेको थियो ।*

कुनै देशमा मूल्य अभिवृद्धि कर (भ्याट) लागु गर्दा वा विद्यमान भ्याट प्रणालीमा सुधार गर्दा न्युजिल्यान्डमा वस्तु तथा सेवा करको नाममा लागु गरिएको भ्याटको अध्ययन गर्नु उपयोगी हुन्छ । सुरुदेखि नै न्युजिल्यान्डमा भ्याटलाई फराकिलो आधारमा एकल दरमा लागु गरिएको छ, वस्तु तथा सेवा दुवैका लागि समान दर्ता सीमा कायम गरिएको छ । हाल कर छुट केवल वित्तीय सेवाहरू, आवासीय भाडा, परोपकारी संस्थाद्वारा दान गरिएका वस्तुहरू तथा बहुमूल्य धातुहरू जस्ता पाँचवटा वस्तु तथा सेवामा मात्र दिइएको छ भने दर्ता सीमा न्युजिल्यान्ड डलर ६० हजार (नेपाली रुपैयाँ ५३ लाख) कायम गरिएको छ र करको दर १५ प्रतिशत छ । न्यूनतम् छुट, फराकिलो आधार, एकल दर तथा वस्तु र सेवा दुवैका लागि समान दर्ता सीमा भएका कारण यो कर प्रशासन गर्न अत्यन्त सजिलो भएको छ । यो आर्थिक दृष्टिले सक्षम (तटस्थ) छ, अनुपालन उच्च छ, चुहावट न्यून छ र राजस्व सङ्कलन प्रभावकारी छ । यस करबाट न्युजिल्यान्डको कुल कर राजस्वको करिब एकतिहाइ र कुल गार्हस्थ्य उत्पादनको ९ प्रतिशत जति राजस्व सङ्कलन हुन्छ, जुन विकसित देशको सन्दर्भमा निकै उत्साहजनक हो । यी कारणहरूले गर्दा यस करलाई केवल सैद्धान्तिक नमुना मात्र नभई व्यावहारिक रूपमा पनि उत्कृष्ट अभ्यासको उदाहरण मानिन्छ । प्रत्येक वर्ष विश्वभरका कर प्रशासक, नीतिनिर्माता तथा प्राज्ञहरू यस प्रणालीको अध्ययन गर्न न्युजिल्यान्ड जाने गर्दछन् ।

नेपालको अर्थ मन्त्रालय तथा आन्तरिक राजस्व विभागका पदाधिकारीहरूले पनि यस उद्देश्यका लागि न्युजिल्यान्ड भ्रमण गरेका थिए । नेपालले पनि प्रारम्भमा आफ्नो भ्याट प्रणालीको तर्जुमा गर्दा न्युजिल्यान्डको दृष्टिकोण पछ्याउने प्रयास गरेको थियो । १० प्रतिशतको एकल दर अपनाइएको थियो, वस्तु तथा सेवा दुवैका लागि २० लाख रुपैयाँको समान दर्ता सीमा कायम गरिएको थियो र कर छुटहरू सीमित राखी तिनीहरूलाई क्रमश: घटाउँदै करको आधार विस्तार गर्ने नीति अपनाइएको थियो । साथै भ्याटको महत्त्वपूर्ण अङ्कको रूपमा रहेको कर फिर्ता प्रणालीको संरचना पनि अब्बल थियो । सुरुमा भ्याटको कार्यान्वयन पनि राम्रो थियो । भ्याट राजस्वको वार्षिक औसत वृद्धिदर १८ प्रतिशतको हाराहारीमा थियो भने भ्याट राजस्व कुल कर राजस्वको एकतिहाइ जति र कुल गार्हस्थ्य उत्पादनको सात प्रतिशत जति पुगेको थियो । यसरी करको राम्रो संरचना र प्रभावकारी कार्यान्वयनका कारण बङ्गलादेश, जान्जिबार र जाम्बियालगायतका देशका कर प्रशासकहरू नेपालको भ्याट प्रणाली अध्ययन गर्न आएका थिए । भारतका सिक्किम र पश्चिम बङ्गाल राज्यका कर प्रशासकहरूले पनि नेपालको भ्याटको अध्ययन गर्न नेपाल भ्रमण गर्ने योजना बनाएका थिए तर त्यस समयमा भारतले लगाएको नाकाबन्दीका कारण ती भ्रमणहरू हुन सकेनन् । तर, नेपालमा भ्याट लागु भएको केही वर्षपछि विभिन्न विचलनहरू देखा परे । विभिन्न बहानामा कर छुट दिइने वस्तु तथा सेवाको सूची उल्लेखनीय रूपमा बढाइयो, विभिन्न सरकारी निकायहरूको सिफारिसका आधारमा कर छुट दिने प्रचलन सुरु भयो र वस्तु तथा सेवाका लागि छुट्टाछुट्टै दर्ता सीमा कायम गरियो । साथै, भ्याटको प्रभावकारी कार्यान्वयनको मेरुदण्ड मानिने कर बिजक जारी गर्ने र लिने प्रचलनलाई सुदृढ बनाउने पर्याप्त प्रयास गरिएन । कर फिर्ता प्रणालीलाई पनि प्रभावकारी बनाइएन । फलस्वरूप भ्याट कार्यान्वयनको प्रभावकारिता कमजोर हुँदै गयो ।

### भ्याट सुधारको आवश्यकता

भ्याट नेपालको राजस्वको मूल स्रोत हो । भविष्यमा न्यून आर्थिक लागतमा बढी राजस्व सङ्कलन गर्ने सम्भावना भएको कर पनि यही भएकाले हाम्रो राजस्व बढाउनका लागि यस करमा सुधार गर्न अपरिहार्य भएको छ । भ्याट एक स्वनियन्त्रित कर हो, जसमा वस्तु तथा सेवाको न्यून वा अधिक बिजकीकरण गरेर कर छल्न गाह्रो हुन्छ । किनकि-कर छल्ने उद्देश्यले बिक्रेताले वस्तुको वास्तविक बिक्री मूल्यभन्दा कम मूल्यको बिल जारी गरेमा खरिदकर्ताको कर कट्टी गर्न पाउने रकम कम हुने भएकाले त्यस्तो बिजक खरिदकर्ताको लागि स्वीकार्य हुँदैन । अर्कोतर्फ, खरिदकर्ताले वस्तु वा सेवाको वास्तविक बिक्री मूल्यभन्दा बढी मूल्यको बिल मागेमा बिक्रेताले अनावश्यक रूपमा बढी कर तिर्नुपर्ने हुँदा बिक्रेताले त्यस्तो बिजक जारी गर्ने कुरा आउँदैन । यसरी वस्तु वा सेवाको वास्तविकभन्दा कम मूल्य देखाएमा खरिदकर्ताको हितविपरीत हुने र बढी मूल्य देखाएमा बिक्रेताको हितविपरीत हुने भएकाले भ्याटअन्तर्गत वस्तु तथा सेवाको मूल्य हेरफेर गरेर कर छल्न गाह्रो हुन्छ भन्ने मान्यता छ । अर्कोतर्फ, भ्याटअन्तर्गत पहिलो तहमा कर कम तिरेमा पछिल्लो तहमा कट्टी गर्न पाउने कर कम हुने भएकाले करदाताले बढी कर तिर्नुपर्ने हुँदा राजस्व सङ्कलन कम हुँदैन । यसलाई भ्याटको ‘क्याच-अप-प्रभाव’ भनिन्छ, जसले यस करअन्तर्गत कर छल्ने प्रवृत्ति कम गर्छ । यसैगरी भ्याट उत्पादन तथा वितरण प्रक्रियाअन्तर्गतका विभिन्न चरणहरूमा सङ्कलन गरिने हुँदा यसले न्यून बिजकीकरण र तस्करीलाई कम आकर्षक र बढी गाह्रो बनाउँछ । साथै भ्याटले अडिट ट्रेल प्रदान गर्ने हुँदा यसले कर कार्यान्वयनलाई प्रभावकारी बनाउँछ । भ्याटका यी विभिन्न विशेषताले गर्दा यस करको कार्यान्वयनले भ्याट राजस्व मात्र नभई भन्सार महसुल, अन्त:शुल्क तथा आयकरबाट पनि बढी राजस्व सङ्कलन गर्न सहयोग पुग्दछ । यसैगरी अनौपचारिक क्षेत्रका करको दायरामा नआएका साना बिक्रेताको खरिदमा पनि भ्याट लाग्ने भएकाले त्यसबाट पनि राजस्व सङ्कलन हुन्छ । आर्थिक विकासको क्रममा उनीहरूको कारोबार वृद्धि भएपछि कर कट्टीको सुविधा लिनसमेत उनीहरू करको दायराभित्र आउँदै जाने हुँदा करको दायरा विस्तार भई राजस्व स्वत: बढ्दै जाने हुन्छ र त्यसबाट व्यापक आर्थिक स्थायित्व कायम गर्न मद्दत पुग्दछ । भ्याट राजस्व सङ्कलनको हिसाबले मात्र नभई आर्थिक वृद्धि तथा निकासी प्रवर्द्धनका हिसाबले पनि महत्त्वपूर्ण छ । भ्याटका कर कट्टी तथा कर फिर्ता व्यवस्थाले गर्दा करमाथि कर नलाग्ने हुँदा यस करअन्तर्गत करमाथि कर लागेर ‘क्यासकेडिङ’ हुने समस्या हुँदैन । यसैगरी भ्याटको कर कट्टी तथा कर फिर्ता व्यवस्थाले गर्दा करदाताले तिरेको भ्याट वस्तु वा सेवाको लागतका रूपमा रहँदैन र त्यसमा विभिन्न तहका बिक्रेताले मुनाफा प्रतिशत लगाउनु पर्दैन । यसले गर्दा भ्याटमा ‘पिरामिडिङ’ समस्या उत्पन्न नहुने हुँदा करको कारणले अनावश्यक रूपमा उपभोक्ता मूल्य बढ्दैन । साथै भ्याटले लगानी र निकासीलाई करमुक्त गर्ने हुँदा यसले अर्थतन्त्रको लागत बढाउँदैन र स्वदेशी उत्पादनको विदेशी बजारमा प्रतिस्पर्धात्मक क्षमतालाई क्षीण गर्दैन । यो कर सक्षम र तटस्थ किसिमले आन्तरिक राजस्व परिचालन गर्न राजस्वका विभिन्न स्रोतहरूमध्ये सबभन्दा बढी सफल करका रूपमा साबित भएको छ । त्यसो हुँदा यसलाई बिसौँ शताब्दीमा वित्तशास्त्रमा भएको सबभन्दा ठूलो अन्वेषणका रूपमा लिइन्छ । यस्तो अवस्था सिर्जना गर्नका लागि भ्याटलाई न्युजिल्यान्डमा जस्तै सही ढङ्गले तर्जुमा गर्नु आवश्यक हुन्छ । भ्याटलाई सही किसिमले तर्जुमा गरिएन भने सफलता नमिल्ने कुरा भारतको अनुभवले देखाउँछ । सन् १९९० को दशकमा भारतका राज्यहरूमध्ये केहीले सीमित वस्तुहरूमा मात्र भ्याट लगाए, केहीले उच्च दर्ता सीमा कायम गरे, केहीले व्यापक छुटहरू प्रदान गरे र केहीले बहुदर लगाएह जसका कारण भ्याटको कार्यान्वयन समस्याग्रस्त भयो । त्यस सन्दर्भमा भारतको राज्य सरकारका अर्थसचिवहरूलाई भ्याटका सिद्धान्तहरू र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासबारे स्पष्ट बुझाउन भारतको सैीय अर्थ मन्त्रालयको अनुरोध र विश्व बैङ्कको वित्तीय सहयोगमा हार्वर्ड विश्वविद्यालयले सन् १९९८ को अप्रिल २७ देखि मे १५ सम्म भ्याटका विविध पक्षका बारेमा दुईहप्ते प्रशिक्षण र तेस्रो हप्ता क्यानडाको भ्याटको अध्ययन भ्रमण आयोजना गरेको थियो । त्यस कार्यक्रममा प्रशिक्षकका रूपमा म पनि आमन्त्रित थिएँ र प्रशिक्षणपश्चात् सो कार्यक्रमका सहभागीहरूलाई क्यानडाको भ्याटको अध्ययन भ्रमण गराउने कार्यको संयोजन पनि मैले नै गरेको थिएँ । सो कार्यक्रमपश्चात् भारतका प्रदेश सरकारका पदाधिकारी विभिन्न प्रदेशले लगाएको नाम मात्रको भ्याटको सट्टा सही किसिमको भ्याट समन्वित रूपमा लागु गर्न सहमत भए । यस सन्दर्भमा प्रदेशहरूका लागि नमुना भ्याट ऐन तथा नियम तर्जुमा गरियो र प्रदेशहरूले सुधारिएको भ्याट लागु गरे । यसरी हार्वर्ड विश्वविद्यालयले आयोजना गरेको भ्याटसम्बन्धी प्रशिक्षण र क्यानडाको भ्याटको अध्ययन भ्रमण भारतमा भ्याट सही किसिमले लगाउन कोसेढुङ्गा साबित भयो । त्यसको केही वर्षपछि भारतीय वस्तुगत कर प्रणालीलाई सुधार गर्न सै र प्रदेशमा छुट्टाछुट्टै भ्याट लगाउनुको सट्टा एउटै भ्याट लगाउने सहमति भयो । त्यसपछि साबिकमा केन्द्र, प्रदेश तथा स्थानीय तहमा लागु गरिएका विभिन्न १७ वस्तुगत करहरू र २३ ‘सेस’ हरूको सट्टा १ जुलाई २०१७ देखि ‘वस्तु तथा सेवा कर’ (जीएसटी) को नामले एउटै भ्याट लगाइयोह जसलाई भारत स्वतन्त्र भएपछिको सबभन्दा ठूलो आर्थिक सुधार कार्यक्रम मानियो । तर सै सरकारले विस्तृत आधारमा एकल दरले भ्याट लगाउन गरेको गृहकार्यअनुरूपको कर विभिन्न कारणले व्यवहारमा लगाउन सकिएन र विभिन्न छुट र बहुदरको भ्याट लागु भयोह जुन आर्थिक दृष्टिकोणले असक्षम र प्रशासनिक हिसाबले जटिल भएकाले व्यवहारमा अनेक समस्या सिर्जना गर्‍यो । यस क्रममा २२ सेप्टेम्बर २०२५ मा ‘जीएसटी’ का दुई दर मात्र कायम गरी प्रक्रियालाई सरल र सहज बनाइयो । त्यसबाट कर प्रणाली बढी सरल, सहज तथा सक्षम हुन गयो, जसले भारतको अर्थतन्त्रमा ठूलो सकारात्मक असर पार्‍यो । अर्को सुधार गरेर अन्त्यमा यो कर एकल दरले लागु हुने अपेक्षा गरिएको छ । भ्याट नेपालमा सरकारको राजस्वको मुख्य स्रोत हो र आगामी वर्षहरूमा देशको विकासका लागि आवश्यक थप राजस्व परिचालन गर्ने ठूलो सम्भावना भएको कर पनि यही हो । आर्थिक गतिविधिहरू विस्तार हुँदै जाँदा भ्याटको आधार स्वाभाविक रूपमा फराकिलो बन्दै जान्छ, जसले राजस्व वृद्धि गर्छ । यसले बजेट घाटा घटाउन र सार्वजनिक ऋण नियन्त्रण गर्न मद्दत पुर्‍याउँछ, जसबाट सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ बनाउन सहयोग पुग्छ । त्यसैले भ्याटमा विद्यमान समस्याहरू समाधान गर्दै यसलाई व्यवहारमा सही र प्रभावकारी रूपमा कार्यान्वयन गरी कुल कर राजस्वको करिब ४० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको करिब ८ प्रतिशत राजस्व भ्याटबाट परिचालन गर्ने नीति अवलम्बन गर्नुपर्छ ।

***-अनलाइन खबर डटकम***

### महत्त्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा दुविधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिको लागि संघर्ष गर्नुपर्ला । | **तुला** : प्रेममा मधुरता छाउनेछ । काममा राम्रै फड्को मार्न सकिनेछ । |
| **वृष** : मनमा सहयोग भाव आउला । प्रेम सम्बन्धपनि कसिलो हुनेछ । | **वृश्चिक** : दैनिक कार्यमा प्रगति हुनेछ । शान्ति र कान्ति छाउनेछ । |
| **मिथुन** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । | **धनु** : ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । धार्मिक यात्रा हुनसक्छ । |
| **कर्कट** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । रतिरागपनि बढ्नेछ । | **मकर** : चिताएको कामले तीव्रता लिनेछ। परिश्रमको उपलब्धि राम्रै पाइनेछ । |
| **सिंह** : स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । | **कुम्भ** : कामबाट दोहोरो लाभ मिल्नेछ। दिनको उत्तरार्धमा खर्च बढ्नेछ । |
| **कन्या** : गरेको कार्यमा सफलता मिल्नेछ। वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । | **मीन** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। परिवारमा सुख सन्तोष छाउला । |




निबन्ध ● राम ज्ञवाली

# खरानी, शोक र आँसु

जीवन र मृत्यु – यी दुई शब्दले सम्पूर्ण अस्तित्वको कथा सुनाउँछन् । जन्मपछि मृत्यु नआएको कुनै उदाहरण छैन । जीवनको प्रारम्भ र अन्त्यबीचको यो सास लिने अन्तराल नै मानिसको सम्पूर्ण यात्रा हो । तर यो यात्रा कति अस्थायी र असुरक्षित छ भन्ने कुरा तब मात्र बोध हुन्छ, जब हामी कुनै प्रिय आत्मालाई गुमाउँछौं । मानवजीवनको सत्यहरूमा मृत्यु सबैभन्दा निस्सन्देह, र अनिवार्य सत्य हो । जन्मसँगै मृत्युको आभास पनि सँगै आउँछ, तर हामीले जीवनका उज्याला क्षणहरूमा त्यसको अँध्यारोलाई कहिल्यै स्वीकार गर्न सक्दैनौं । जब प्रियजनहरू हाम्रा आँखाबाट सदाको लागि ओझेल पर्छन्, त्यस क्षणमा फदयमा केवल तीन चीज बाँकी रहन्छ – खरानी, शोक र आँसु । यी तीन शब्द साधारण लागे पनि तीभित्र मानव अस्तित्व, दर्शन, धर्म र भावना सबैकुराको सार समेटिएका छन् । खरानीले शरीरको नश्वरता सम्झाउँछ, शोकले आत्माको संवेदना प्रकट गर्छ, र आँसुले मनको करुणा र प्रेमको साक्ष्य दिन्छ । यी तिनै तत्वहरूले जीवनलाई गहिरो अर्थ दिन्छन् ।

**खरानी : शरीरको अन्तिम सत्य**

मानिसलाई जीवनभर आफ्नै शरीरसँग मोह रहन्छ । उसको रूप, शक्ति, सौन्दर्य, इन्द्रियसुख सबै यही शरीरसँग गाँसिएको हुन्छ तर अन्ततः यही शरीर माटोमा फर्किन्छ, आगोमा जल्छ, र बाँकी रहन्छ– केवल खरानी । खरानी एउटा प्रतीक हो– नश्वरताको । कुनै समय सास फेर्ने, हाँस्ने, बोल्ने, फदय धड्काउने शरीर अन्ततः खरानीमा परिणत हुन्छ । हाम्रा सपना, मोह, सम्बन्ध र सम्झनाहरू पनि त्यसैमा मिसिन्छन् । यद्यपि खरानीले विनाश मात्र होइन, एक प्रकारको बोध पनि दिन्छ– “जीवन क्षणभङ्गुर छ, त्यसैले हरेक पललाई अर्थपूर्ण बनाऊ ।” खरानी बोल्दैन, तर त्यसमा हजार दर्शनहरू लुकेका हुन्छन् ।

भविष्यका ती सबै कल्पनाहरू, सम्पत्तिका गर्व, सौन्दर्यका अभिमान, सबै खरानीसँगै समाप्त हुन्छन् । खरानीले भन्छ – “हे मानव ! तिमी जुन कुरामा गर्व गर्छौ, त्यो सब क्षणभङ्गुर छ ।” हिन्दू दर्शनले खरानीलाई पवित्र मान्छ । शवदाहपछि बाँकी रहेको खरानीलाई गङ्गा वा पवित्र नदीमा विसर्जन गरिन्छ । त्यसले केवल अन्त्य होइन, शुद्धीकरणको प्रतीक हो । शरीर माटोमा मिसिन्छ, आत्मा आकाशमा विलीन हुन्छ, र बाँकी रहन्छ सृष्टिको निरन्तरता । शैव परम्परामा भगवान् शिवलाई प्रायः शरीरमा खरानी लगाएको देखाइन्छ । त्यो केवल अलंकार होइन, दर्शन हो– “मृत्यु अन्त्य होइन, अस्तित्वको नूतन रूप हो ।” खरानी लगाउनु भनेको नश्वरतालाई स्वीकार गर्नु हो । खरानीको अर्थ यति मात्र होइन कि शरीर सकियो । यसको अर्थ हो – मोहको अन्त्य र आत्मज्ञानको आरम्भ । जब जीवनको चकचकी ओझेल पर्छ, तब मानिसमा नयां दृष्टि जन्मन्छ । त्यसले सिकाउँछ – “संसारको सबै तामझाम अस्थायी छ, आत्मा मात्र शाश्वत छ ।”

**शोक : मनको मौन यात्रा**

खरानी भौतिक अन्त्य हो, तर शोक आत्मिक प्रारम्भ । कुनै प्रिय व्यक्ति, मित्र, गुरु वा आत्मीय गुमाउँदा मनमा जे हलचल हुन्छ, त्यो नै शोक हो । यो पीडा केवल आँसुले होइन, मौनताले व्यक्त हुन्छ । शोकले मानिसलाई भत्काउँछ, तर त्यही शोकले उसलाई परिपक्व पनि बनाउँछ । शोक भनेको मनको गहिरो पीडा हो, जसले फदयलाई मौन बनाउँछ । त्यो मौनमा हजार शब्दहरू लुकेका हुन्छन गुनासो, सम्झना, माया र असहायता । शोकले मानिसलाई भत्काउँछ, तर त्यसै शोकले उसलाई पुनः नयाँ बोध पनि गराउँछ । शोक भोग्ने व्यक्ति परिपक्व हुन्छ, किनकि उसले जीवनको नजिकबाट मृत्युको अनुहार हेरेको हुन्छ । शोकको अनुभव प्रत्येक मानिसले फरक तरिकाले गर्छ । कसैको शोक क्रन्दनमा बग्छ, कसैको मौन ध्यानमा । तर शोकले सिकाउँछ – “सबै कुरा हाम्रो नियन्त्रणमा छैन ।” जीवन केवल हाम्रो इच्छाले चल्दैन । मृत्यु, विछोड, हानी, वियोग – यी पनि सृष्टिको नियम हुन् । शोक मानिसको मनलाई विनम्र बनाउँछ । जब हामी पीडामा हुन्छौं, तब हामी अन्यको पीडालाई पनि बुझ्न थाल्छौं । यसरी शोक करुणाको बाटो हो । जसले शोक भोगेको छैन, उसले साँचो सहानुभूति पनि बुझ्दैन । शोकको धार्मिक अर्थ पनि गहिरो छ । हिन्दू ग्रन्थ गरुड पुराणमा भनिएको छ – “शोकको क्षणमा पनि आत्मा अमर छ भन्ने बोध गर्नु ज्ञानको पहिलो कदम हो ।” अर्थात्, शोक केवल रोदन होइन, चेतनाको द्वार हो । जसले शोकलाई आत्मज्ञानको मार्ग बनाउँछ, ऊ संसारको सत्य बुझ्न थाल्छ । यही कारण हो कि सन्तहरू, कविहरू र दार्शनिकहरूले शोकलाई जीवनको गुरु भनेका छन् ।

**आँसु : भावनाको भाषा**

आँसु, शोकको भाषा हो । जब शब्दहरू असफल हुन्छन्, तब आँसु बोल्न थाल्छन् । त्यसमा लुकेको हुन्छ– प्रेमको गहिराइ, वियोगको वेदना, र स्मृतिको अमरता । आँसुले मन हलुका बनाउँछ, आत्मालाई पवित्र गर्छ । कहिलेकाहीं त आँसु नै प्रार्थना बन्छ, र भगवानसँगको मौन संवाद पनि । आँसु कुनै कमजोरी होइन, त्यो मनको शुद्ध रूप हो । एक तिन थोपाहरूमा असीम भावनाहरू सँगालिएका हुन्छन– प्रेम, वियोग, सम्झना, पश्चात्ताप र कृतज्ञता । आँसु कहिलेकाहीं शोकको प्रतीक हुन्छ, कहिलेकाहीं मुक्तिको । कसैको मरणमा बग्ने आँसु वियोगका हुन्छन्, तर आत्मज्ञान प्राप्त गर्दा बग्ने आँसु मोक्षका । कवि लक्ष्मीप्रसाद देवकोटाले लेखेका छन् – “आँसुहरू पनि मोती हुन्, जो फदयबाट झरि झर्छन् ।” साँचो आँसु नाटक होइन, आत्माको भाषा हो । त्यो भगवानलाई पुकार्ने, आफ्ना प्रियहरूको आत्मालाई सम्झने, र आफ्नै अस्तित्वलाई शुद्ध गर्ने माध्यम हो । धार्मिक दृष्टिले हेर्दा, आँसुलाई पनि तीर्थ समान मानिन्छ किनकि जब आँसु बग्छ, तब मनको मलिनता धुने काम गर्छ त्यो क्षण आत्मा पवित्र बन्छ ।

**खरानी, शोक र आँसुको त्रिकोणात्मक सम्बन्ध**

खरानी, शोक र आँसु – यी तीनवटै तत्वले जीवनको यथार्थता र गहिराइ प्रकट गर्छन् । यी दुःखका प्रतीक हुन्, तर त्यसै दुःखले मानिसमा करुणा, सहानुभूति र आत्मज्ञान जगाउँछ । मृत्युले सन्देश दिन्छ– “जीवन अमूल्य छ, माया बाँड, क्षमा गर, र अर्थपूर्ण बाँच ।” यी तीनवटै तत्व एक अर्कासँग अविभाज्य छन् । मृत्युपछि रहन्छ खरानी – त्यो भौतिक अन्त्य हो । त्यो खरानीले उत्पन्न गर्छ शोक – त्यो भावनात्मक प्रतिक्रिया हो । त्यो शोकले बगाउँछ आँसु – त्यो आत्मिक अभिव्यक्ति हो । तर यिनले केवल दुःख मात्र ल्याउँदैनन् । यी तीनवटै चेतनाको रूप हुन्, जसले मानिसलाई विस्तारै दुःखबाट बोधतर्फ लैजान्छ । खरानीले भन्छ – “सबै अस्थायी छ ।” शोकले भन्छ – “स्वीकार गर्न सिक ।” आँसुले भन्छ – “मन सफा गर ।” यी तीनवटा अवस्था पार गरेर मानिस आत्मज्ञानमा पुग्छ । यही कारण हिन्दू दर्शनले मृत्युका कर्महरूलाई आध्यात्मिक यात्रा मानेको छ । मृत्यु पनि धर्म, दर्शन र ध्यान मिसिएको हुन्छ । अन्ततः, जब हामी आफ्ना पीडाहरूलाई स्वीकार गर्छौं, तब खरानी पनि पवित्र धूलोमा रूपान्तरण हुन्छ, शोक पनि दर्शन बन्छ, र आँसु पनि आत्मशुद्धिको प्रतीक । त्यसबेला हामी बुझ्न थाल्छौं– मृत्यु अन्त्य होइन, नयाँ चेतनाको सुरुवात हो ।

**साहित्य र कवितामा खरानी, शोक र आँसु**

साहित्यमा यी तीनवटै विषयले गहिरो स्थान ओगटेका छन् । मानवभावनाको सबैभन्दा गहिरो स्रोत शोक हो, र आँसु त्यसको भाषा । कविहरूले आफ्नो पीडालाई कवितामा उतारेका छन् । त्यसै कारण ती कविताहरू अमर भएका छन् । देवकोटाको “मुनामदन” मा मुनाको मृत्यु र मदनको पीडा – त्यो शोक, त्यो आँसु, र त्यो खरानीको भावनात्मक यात्रा हो । त्यस्तै, विश्वसाहित्यमा शेक्सपियरको ह्यामलेट वा कालिदासको मेघदूत पनि वियोग र शोककै अमर गाथाहरू हुन् । यी कृतिहरूले शोकलाई केवल दुःख होइन, सौन्दर्यको शिखर बनाए । साहित्यकारहरू भन्छन् – “मानवता शोकमा जन्मिन्छ, आँसुले त्यसलाई सीच्छ, र खरानीले त्यसलाई अमर बनाउँछ ।”

**दार्शनिक दृष्टिमा**

दार्शनिक दृष्टिले “खरानी, शोक र आँसु” जीवनचक्रका आवश्यक चरण हुन् । बुद्धको बोध पनि दुःखको बोधबाट सुरु भयो । उनीले देखे – वृद्ध, रोगी र मृत मानिस । त्यसै पीडाको दर्शनले उनलाई मुक्ति खोज्ने प्रेरणा दियो । यसैले शोकले पनि चेतना जगाउँछ । खरानीले अहंकार तोड्छ । आँसुले करुणा जगाउँछ । यी तीनवटै मिलेर व्यक्ति आत्मसाक्षात्कारको बाटोमा लाग्छ । गीताको दर्शन पनि यही हो – “जे जन्मेको छ त्यो मर्छ, र जे मरेको छ त्यो पुनः जन्मन्छ ।” मृत्यु भय होइन, पुनर्जन्मको सिँढी हो । खरानी त्यसको संकेत हो कि रूप बदलिएको मात्र हो, अस्तित्व समाप्त भएको होइन । “खरानी, शोक र आँसु” यी वियोगका प्रतीक मात्र होइनन्, आत्मज्ञानका सीढीहरू पनि हुन् । जीवनलाई बुझ्ने, माया गर्ने, र सत्यस्वरूप स्वीकार्ने मार्ग यहींबाट आरम्भ हुन्छ । अन्ततः “खरानी, शोक र आँसु” जीवनको सबैभन्दा गहिरा दर्शन हुन्। खरानीले हामीलाई विनम्र बनाउँछ, शोकले करुणा सिकाउँछ, आँसुले आत्मा पवित्र बनाउँछ । जब यी तीनवटैलाई हामीले बुझ्न थाल्छौं, त्यो क्षण जीवनको साँचो अर्थ रहन्छ । त्यो अर्थ हो– “जीवन अस्थायी भए पनि प्रेम, करुणा र सत्य अमर छन् ।” अन्त्यमा रहन्छ केवल यही सत्य– शरीर खरानीमा, शोक मौनमा, आँसु स्मृतिमा विलीन हुन्छन् ह तर आत्मा– शाश्वत रहन्छ ।

*-समकालीन साहित्य डटकम*

भारतीय नेपाली कथा ● जगत क्षेत्री

# अब म पढ्दिनँ आमा

महेशलाई आज अचानक पुर्खाहरूले भनेको सम्झना आयो - “पढीगुनी के काम, हलो जोती खायो माम” ऊ गुन्दै थियो- “हो, यो सत्य रहेछ, काँचो सत्य ।” महेशकी आमाले ऊ जन्मँदा उसको सुकोमल शरीरलाई स्पर्श गर्दै, गुलाबी गालीलाई लाखन्वार चुम्बन गर्दै कति कति कल्पना गरेकी थिइन् होली । तर सपना र बिपनामा कत्रो भिन्नता ! त्यो कल्पना सपनै थियो । यहाँ कत्रो कत्रो परिकल्पना त भुटो तुलिन्छ भने उसकी आमाको त्यो नादान कल्पना असफल प्रमाणित हुनु के अस्वाभाविक थियो र ? अस्तु - महेश पढ्यो । प्रवेशिका सिद्धयायो । तब पास भएको आनन्दमा खूब हाँस्यो, खुशी भयो । आमाको हर्षको सीमा थिएन । त्यस समय उसको कोमल फदयमा कति बढे बढे भावनाले घर बनाएको हुँदो हो । तबै त आमाले उसलाई जबर्जस्ती कालेज पढ्न बाध्य गराइन्, त्यो महेशलाई त्यस समय थाह भएन । आई.ए. परीक्षामा उत्तीर्ण हुँदा आमाको चाउरिँदै गएको मुहार खुब चम्केथ्यो । परीक्षामा उत्तीर्ण भएको पहिलो आनन्द सेलाउँदै गयो । कोही साथीहरू झन् पढ्न जान लागे, कोही कता गए, कोही कता । पढ्नमा रुचि बढेकोले झन् पढ्न पाए हुन्थ्यो भन्ने महेशको लालसा थियो ।

आमाको पनि त्यही विचार थियो । अतः महेशलाई उनले आग्रह गरिन् । उसलाई के खोज्छस् कानो आँखो ? आँखा भयो । ऊ कलेज भर्ना भयो । अब दुई वर्षपछि ऊ ग्र्याजुएट हुने रे ! ऊ सोच्न लाग्यो - “दुई वर्ष खूब घुँडा धसुँला, अनि त डिप्लोमा लिएर निस्कुँला । समाज र घरमा मेरो उच्च स्थान होला, असल काम फेला पर्ला, घरको शान फिर्ला अनि निर्धक्क जीवन बित्ला ।” यी सब कल्पनाले बारम्बार महेशको मानसपटमा कुतकुती लाउने गर्थ्यो । कलेज झन् दुई वर्ष पढेपछि उसलाई संसार चिने झैं लाग्यो । इतिहास राजनीति, अर्थशास्त्र र साहित्यका बढे बढे पुस्तकहरू अध्ययन गऱ्यो । संसारका अनेक विषयहरू लिएर उसको सानो मगज घुम्न लाग्यो । यसरी दुई वर्ष बित्यो । बी.ए. परीक्षा सिद्धियो केही महीनापछि । उत्तीर्ण खबर आयो । खुशीले ऊ आकाश आकाश नाची हिँड्यो ! घरमा सब खुशी थिए, महेशकी आमाको महेश जन्मँदा देखिको आशा र कल्पना तब पूर्ण भयो । महेशकी आमा असक्त भइसकेकी थिइन् । घरको केही कमाइ थिएन । भाइलाई पढाउनै थियो । दिदीको विवाह भएको थिएन । बुबा ओछ्यानमा सिकिस्त लडिरहेथे । तर महेशको आमा निश्चिन्त थिइन् छोरोले बी.ए पास गऱ्यो शायद उनी गाउँमा अरूलाई भन्दी हुन “मेरो छोरोले बी.ए पास गऱ्यो, बुझ्यौ ? बी.ए पास गर्नु कत्रो बुद्धि चाहिन्छ । अब ठूलो अफिसरबाहेक सानोतिनो काम त सरकारले नै दिँदैन, इत्यादि ।” आजसम्म घर कसरी चल्थ्यो, त्यो महेशलाई अलिकता पनि थाहा थिएन । तर अब उसले पास गऱ्यो, उसले काम उठाउनुपर्छ, घरको सब भार उसका टाउकोमा छ । त्यो थोत्रो घरको आशाको एउटै किरण ऊ थियो । अब ऊ काम खोज्न निस्क्यो । बी.ए पासले सजिलैसँग काम पाउनुपर्छ उसको विचार थियो । कति चेष्टा गऱ्यो, तर असल काम उसको भाग्यमा जुरेन । यसै नहोला भनी उसले ‘ईम्प्लाईमेन्ट एक्सचेन्जमा’ नाम दर्ता गऱ्यो । आफ्नो भएभरको सटिफिकट देखायो । त्यहाँबाट केही खबर आउला कि भनी कति

> *घरमा सब खुशी थिए, महेशकी आमाको महेश जन्मँदा देखिको आशा र कल्पना तब पूर्ण भयो । महेशकी आमा असक्त भइसकेकी थिइन् । घरको केही कमाइ थिएन । भाइलाई पढाउनै थियो । दिदीको विवाह भएको थिएन । बुबा ओछ्यानमा सिकिस्त लडिरहेथे । तर महेशको आमा निश्चिन्त थिइन् छोरोले बी.ए पास गऱ्यो शायद उनी गाउँमा अरूलाई भन्दी हुन “मेरो छोरोले बी.ए पास गऱ्यो, बुझ्यौ ? बी.ए पास गर्नु कत्रो बुद्धि चाहिन्छ । अब ठूलो अफिसरबाहेक सानोतिनो काम त सरकारले नै दिँदैन, इत्यादि ।” आजसम्म घर कसरी चल्थ्यो, त्यो महेशलाई अलिकता पनि थाहा थिएन । तर अब उसले पास गऱ्यो, उसले काम उठाउनुपर्छ, घरको सब भार उसका टाउकोमा छ । त्यो थोत्रो घरको आशाको एउटै किरण ऊ थियो । अब ऊ काम खोज्न निस्क्यो । बी.ए पासले सजिलैसँग काम पाउनुपर्छ उसको विचार थियो । यसै नहोला भनी उसले ‘ईम्प्लाईमेन्ट एक्सचेन्जमा’ नाम दर्ता गऱ्यो । आफ्नो भएभरको सटिफिकट देखायो ।*

पर्थ्यो । तर केही पत्तो भएन । त्यो सब देखावट रहेछ - ऊ बुझ्न लाग्यो । आशाको क्षीण प्रकाश कहीं देखिएन अनि ऊ हताश भयो । महेशले जसोतसो घरमा आश्वासन दिइरहन्थ्यो, तर बिस्तार बिस्तार चारैतिर शंकाको बादलले ढाकन लाग्यो । ऊ दुई तीन ‘इन्टरभ्यू’ मा पनि बसे, तर पत्तै भएन । ऊ छक्क पऱ्यो । लाखौं आशाको दीप जलाएर बी.ए पास गरेको, उसकी आमाको कस्तो कल्पना र सपना थियो । तर ऊ चाहिँ घरको यो अवस्थामा हात बाँधी बस्ने ? यी सब सम्झी उसको फदय उकुसमुकुस भई आयो अनि बिचार्न लाग्यो- “होइन होइन केही गर्नैपर्छ । तर संसारले बुझ्नेन, यो का... सरकारले जानेन । म भोको बस्नु, बी.ए पास गरेर जस्तो कि बी.ए पास त बाटोमा पाइन्छ, यो नालीको भात हो- त्यसै टिपिन्छ । यो ढुंगा हो, माटो हो जतातै भेटिन्छ । हे भगवान् यो कस्तो देश, कस्तो संसार ? अब के गर्ने ? तर भोकै त बस्न सकिँदैन । बरु पटक्क नपढेको भए कुल्ली काम गरिन्थ्यो । तर डिग्री लिएर यस्तै हो ? किनारीसम्म पनि नपाइने ?” यी सब सम्झेर उसको फदय रोएर आयो, मुटुमा गाँठो परे झैं भयो, फदय जोडले चल्न थाल्यो अनि रिसले उसलाई संसार नै भस्म गरिदिऊँ जस्तो लाग्यो । अन्तमा महेश घर, गाउँ औ शहर छाडेर टाढा गाउँको बाटो लागे गुरुगिरी गर्नलाई । मासिक वेतन सय रुपियाँ पाउँथे । आफ्नो खान-पिउन सब बन्दोबस्त मिलाएर पचास रुपियाँ आमालाई पठाइदिन्थे । जुन पचास बाबुले कुल्ली कामै गरेर सहजै कमाउँथे, आमाले भाँडा माझेर झन् बढ्ता कमाउँथिन् । त्यही पचास उनीहरूको बी.ए पास छोरोले घर गाउँदेखि टाढा गएर कमाउँछ । महेश यो सम्झी विरक्त हुन्थ्यो । तर बिचरालाई दाँत किटेर बस्नुपरेको थियो । दुई वर्षपछि सब शिक्षकहरूले बी.टी. पास गर्नुपर्छ भन्ने सरकारी खबर आयो । बी.ए. लाई काम दिन नसक्ने यो सरकारलाई अब बी.टी. पनि पढेको मान्छे चाहिन्छ भन्ने समाचारले महेश मनमनै हाँस्यो । त्यस हँसाइमा ठूलो रहस्य थियो, तर साथीहरूले त्यो बुझेनन् । महेश आमासँग सल्लाह गर्नलाई घर आयो । “आमा बी.टी. पनि पढ्नुपर्छ’ रे, अनि मात्र १५०) पाइने’ रे।” आमाले केहीबेर सोचेर सोधिन् -“दुई वर्षे लाग्छ ? खजाना कत्ति ?” “अब म पढ्दिनँ आमा !” त्यतिन्जेल महेशको रगत उम्लिसकेथ्यो । उसलाई मुटुमा कसैले थिचिदिए जस्तो लाग्यो । कसैले गला निचोरिदिए झैं उसको सास थुनियो । त्यस्ती सुधी आमालाई उसले ठग्न परिरहेथ्यो । त्यो बूढी आमालाई दलाएर ऊ झन् पढ्नुपर्ने थियो । यो उसलाई असह्य लाग्यो । उसको चित्त पटक्क बुझेन । कता कता ग्लानि लाग्यो, आफ्नो जीवनलाई धिक्कार सम्झे । तब मनमनै बिचार्न लागे- “के बी.टी. पास गरेर पनि घर पाइएला ? तब फेरि एम.ए पास गर्नुपर्छ भन्ने खबर आउला । विद्या अब विद्याको नीति रहेन । चाकरीकै निम्ति रह्यो । चाकरीकै निमित मात्र पास गर्नुपर्ने ? कहाँ गयो सचाइ, धर्म, आदर्श सब ?” अनि उसको फदय रोएर आयो । आमा वाल्ल परी उसलाई हेरिरहेकी थिइन् । महेशले आज यत्ति पढेर मात्रै पनि यो अत्याचारको चेतना पायो, अन्याय, दमन र शोषणको ज्ञान पायो । ऊ झन् पढ्ला अनि झन् बुझ्ला, यी चोरहरूको मनमानी, अत्याचार र बेइमानी । झन् पढ्ला अनि रन्किएको भुँवरीमा आफ्नै यज्ञ देख्ला । तब वाल्ल परिरहेकी आमालाई उनले छोटो जवाफ दिए- “अब म पढ्दिनँ आमा !” अनि उसका आँखाबाट अप्रत्याशित अश्रु-बिन्दु लडे । बुवा ओछ्यानमै खोक्दै थिए । दिदीको उमेर ढलिसकेथ्यो । भाइ स्कूल खजाना मागिरहेथ्यो । चह्लामा गुन्द्रुक उम्लँदैथ्यो ।

*-साहित्यपोस्ट डटकम*

# मन्त्रालय संख्या घटाउने तयारीमा लुम्बिनी सरकार




**लुम्बिनी,** वैशाख ३०/ लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी साउन १ गतेदेखि कार्यान्वयन हुनेगरी मन्त्रालय संख्या घटाउने तयारी सुरु गरिएको बताएका छन् । प्रदेश विकास समस्या समाधान समितिको बुधबारको बैठकमा मुख्यमन्त्री आचार्यले नीति तथा कार्यक्रममा समावेश गरेर मन्त्रालय संख्या घटाउने प्रक्रिया अघि बढाइने जानकारी दिएका हुन ।

उनले असार १५ देखि २० गतेभित्र मन्त्रालय मातहतका निर्देशनालय तथा कार्यालयको समायोजन प्रक्रिया टुङ्ग्याएर साउन १ गतेदेखि नयाँ संरचनाअनुसार काम अघि बढाइने बताए । प्रदेशमा अहिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १२ वटा मन्त्रालय छन् । चालु खर्च घटाउने, प्रशासनिक संरचना चुस्त बनाउने र कार्यसम्पादन प्रभावकारी बनाउने उद्देश्यले सरकारले उक्त कदम अघि बढाएको मुख्यमन्त्री आचार्यको भनाइ छ । यसैगरी यातायात क्षेत्रको सेवा प्रवाहलाई सहज, चुस्त र सबैको पहुँचमा पुऱ्याउन जिल्लामा रहेका घरेलु कार्यालयबाट सेवा प्रवाहको प्रक्रिया अघि बढाउने गरी प्रस्ताव तयार पार्न निर्देशन दिएका छन् । सहरी विकास तथा खानेपानी मन्त्रालयका सचिव वासुदेव पौडेलले संघीय सरकारबाट हस्तान्तरण भएका खानेपानी आयोजनामा शुन्य बजेट हुँदा समस्या उत्पन्न भएको बताए । उनका अनुसार करिब ४०० खानेपानी आयोजनाले समस्या भोगिरहेका छन् । सम्पन्न उन्मुख र प्रतिफल देखिने आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने उनको सुझाव थियो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव चुर्णबहादुर ओलीले आयोजनाको वर्गीकरण मापदण्ड परिवर्तन गर्न आवश्यक रहेको बताए । जलस्रोत व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै उनले पानी संकट समाधानका लागि चुरे संरक्षणसँग जोडिएर रिचार्ज जोन विकास गर्नुपर्ने धारणा राखे । वन तथा वातावरण मन्त्रालयले मानव-वन्यजन्तु द्वन्द्व बढ्दै गएकाले यसको न्यूनीकरणका लागि विशेष योजना बनाएर कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याएको थियो । उद्योग, पर्यटन तथा यातायात मन्त्रालयका सचिव नारद गौतमले घरेलु कार्यालयबाटै यातायात सेवा दिने तयारी गर्नुपर्ने तथा उत्पादनमा आधारित अनुदानलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिए । बैठकमा भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकाल, सहरी विकास तथा खानेपानीमन्त्री सरोज थापा, कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थी, आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्की, स्वास्थ्यमन्त्री खेमबहादुर सारु, सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिना, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री सीता शर्मा चौधरी, युवा तथा खेलकुदमन्त्री सन्तोषकुमार पाण्डे, आन्तरिक मामिला तथा कानुनमन्त्री आदेशकुमार अग्रवाललगायतले प्राथमिकताका विषयमा धारणा राखेका थिए । बैठकमा प्रमुख सचिव कृष्णप्रसाद काप्री, प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्याल तथा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव बन्धुप्रसाद बास्तोलाले प्रदेशको आर्थिक तथा योजनागत अवस्थाबारे प्रकाश पारेका थिए । *-रासस*

## खेलकुद समाचार

### नेपाल स्कटल्यान्डसँग २ रनले पराजित




**काठमाडौं,** वैशाख ३०/आईसीसी क्रिकेट विश्वकप लिग-२ एकदिवसीय त्रिदेशीय शृङ्खलामा नेपाल स्कटल्यान्डसँग डीएलएस नियमका आधारमा २ रनले पराजित भएको छ । वर्षाका कारण प्रभावित भएको खेलमा नेपालले ३९ ओभरमा २२१ रनको लक्ष्य पाएको थियो । नेपालले निर्धारित ओभरमा ७ विकेट गुमाएर २१८ रनमात्र बनाउन सक्यो । नेपालका गुल्शन झाले नटआउट ६१, दीपेन्द्रसिंह ऐरीले ५५ रन बनाए । स्कटल्यान्डका ब्राड करीले ३ विकेट लिए । यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट रङ्गशालामा टस जितेर ब्याटिङ गरेको स्कटल्यान्डले ५० ओभरमा ८ विकेट गुमाएर २४३ रन बनाएको थियो । स्कटल्यान्डका जर्ज मुन्सेले ७५ रन बनाए । नेपालका सन्दीप लामिछानेले ४ तथा करण केसी र नन्दन यादवले २/२ विकेट लिए । यो जीतसँगै स्कटल्यान्डले २९ खेलमा ३६ अङ्कसहित तालिकाको दोस्रो स्थानमा छ । नेपाल २५ खेलमा १८ अङ्कसहित सातौँ स्थानमा छ । बुधबारदेखि शुरू भएको लिग-२ शृङ्खलामा नेपाल, स्कटल्यान्ड र अमेरिका सहभागी छन् । नेपालले दोस्रो खेलमा जेठ २ गते अमेरिकासँग, तेस्रो खेलमा जेठ ४ गते फेरि स्कटल्यान्डसँग र चौथो खेलमा जेठ ८ मा अमेरिकासँग फेरि खेल्नेछ । यसअघि नेपालले घरेलु मैदानमै ओमान र संयुक्त अरब इमिरेट्स (यूएई) सँग लिग-२ शृङ्ख्ला खेलेको थियो । यो शृङ्ख्लामा नेपालले ४ मध्ये ३ खेल जितेको थियो ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट



**पाल्पा,** वैशाख ३०/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार सामान्य अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक चार दशमलव १५ अङ्कले ओरालो लागेर दुई हजार ७४० दशमलव २५ मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ७० अङ्कले ओरालो लागेर ४६७ दशमलव ५५ मा सीमित भएको छ । कूल ३३९ कम्पनीको ५६ लाख ४३ हजार २८८ कित्ता शेयर दुई अर्ब ८० करोड ७४ लाख ४६ हजार ३६१ रुपैयाँमा खरिद बिक्री भएको छ । कारोबारका आधारमा एसवाई प्यानल नेपाल, रिडी पावर कम्पनी, साहस ऊर्जा, सोलु हाइड्रोपावर, रिलायन्स स्पिनिङ मिल्स शीर्ष स्थानमा छ । यस्तै, एशियन हाइड्रोपावर, एसवाई प्यानल, हिमालयन बैंकको बण्ड, एनआइसी एशिया ग्रोथ फण्ड दोस्रो र सेञ्चुरी डिवेञ्चरका लगानीकर्ताले कमाएका छन् । यस्तै, धौलागिरि लघुवित्त, झापा इनर्जी, सिटिजन बैंकको ऋणपत्र, रिज लाइन इनर्जी र आरबिबी फोकस-४० का लगानीकर्ताले सर्वाधिक गुमाएका छन् ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

### होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

**विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,**

-होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
-अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
-स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
-अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
-अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ।
त्यसैले अनुमति प्राप्त गर्न:
स्थानीय तहमा निवेदन दिऊँ.
-अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
-अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई